श्री

# महोत्तरी जिल्ला अदालत

## जलेश्वर

### फाँट-प्रशासन

फोन नं.:- ५२००२१
:- ५२०२६३
फ्याक्स

प.सः- ०७७/७८
च.नं:-

मितिः-२०७७/१२/०४

महोत्तरी जिल्ला अदालत जलेश्वर

सुचना! सुचना!! सुचना!!!

**विषयः- वैतनिक कानून व्यवसायी नियुक्ति सम्वन्धमा ।**

जिल्ला अदालत नियमावली २०७५ को नियम १०१ बमोजिम यस महोत्तरी जिल्ला अदालतमा नियुक्ती हुने बैतनिक कानुन व्यवसायीको मिति २०७७/१२/१ देखी पद-१(एक) रिक्त रहेको हुँदा उक्त पदमा कामकाज गर्न इच्छुक कानुन व्यवासयीले यो सुचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र रु.१०/-को टिकट टाँस गरी यस अदालतमा दरखास्त दिन हुन यो सूचना प्रकाशन गरिएको छ।

१ पदः वैतनिक कानून व्यवसायी

२ अवधि : १(एक) वर्ष

३ मासिक पारिश्रमिक : तोकिए अनुसार

४ प्रदान गर्नुपर्ने सेवा : तोकिए अनुसार

५ संलग्न हुनु पर्ने कागजातहरु :

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

(ख) कानूनमा स्नातक/स्नाकोत्तरको प्रमाण -पत्रको प्रतिलिपि

(ग) अधिवक्ताको प्रमाण पत्रको प्रतिलिपि

(घ) सम्वन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपि।

६ छनौटको किसिम : अन्तर्वार्ता

७ नियिक्ति लिन आउनु पर्ने अवधि : नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको ७ दिन भित्र नियुक्ति लिन आउनु पर्ने।

८ बैतनिक कानुन व्यवसायीले गर्नु पर्ने कामहरुः-

(क) अदालतवाट तोकिएको असहाय,अशक्त,नावालक वा आर्थिक रुपमा विपन्न पक्ष तथा थुनुवाहरु समेतलाई कानुनी सहायता उपलव्ध गराउने।

(ख) जिल्ला न्यायाधिश वा श्रेस्तेदारले तोकि दिएको मुद्दामा निःशुल्क रुपमा लिखत तयार गर्ने तथा बहस पैरवी गर्ने।

(ग) कम्तीमा ७(सात) दिनमा १पटक कारागार भ्रमण गरी प्रतिवेदन दिने र थुनुवा कैदीहरुको लिखत तयार गर्ने तथा प्रतिरक्षा गर्नु पर्ने भए प्रतिरक्षा गर्ने।

(घ) मिलापत्र हुनेमा असहाय पक्षको तर्फवाट मिलापत्रको दरखास्त लेख्नु पर्ने।

(ङ) कार्यालय समय भित्र तोकिएको कार्य कक्षमा बसी नियमित रुपमा सेवा प्रदान गर्नुपर्ने ।

(च) अदालतवाट तोकिए वमोजिमका अन्य कामकाज गर्ने।

...............................
मदन प्रसाद जयसवाल
श्रेस्तेदार(उप-सचिव)